# श्री नाईलताल सामुदायिक वन उपभोक्ता समूह
## गोदावरी न.पा.१२,कैलाली

### काठ लिलाम विक्री सम्वन्धि विस्तृत विवरण सहितको सूचना ॥
### मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०७८/०४/२१)

उपरोक्त विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वन क्षेत्रबाट आ.व.२०७७।०७८ मा वार्षिक कार्ययोजना अनुसार सम्पूर्ण वनक्षेत्र ढलापडा रुखहरुबाट सकलन भै सा.व.उ.स.कम्पाउण्डमा घाटगद्दी भएको काठ/दाउरा तपशिल बमोजिमको लट कायम गरी जे जस्तो अवस्थामा छ । सोही अवस्थामा सिलवन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नु परेको हुंदा मुल्य अभिवृद्धि करमा दर्ता भएका काठ/दाउरा व्यवसायी फर्म वा उद्योगले मात्र निम्न शर्तको अधिनमा रही यो सम्वन्धि सूचना मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र डिभिजन वन कार्यालय धनगढी कैलाली र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयवाट बोलपत्र खरीद गरी २२ औं दिनको ३.० बजे भित्र यस सा.व.उ.स.कार्यालयमा सिलवन्दी बोलपत्र दाखिला गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएकाछ ।

तपशिल

| लट नं./आ.व. २०७७/०७८ | घाटगद्धी स्थान | जात | ग्रेड | थान | परिमाण क्यु.फिट | न्यूनतम मुल्य प्रति क्यु.फिट/प्रति चट्टा रु. | लागत खच प्रति क्यु.फिट/प्रति चट्टा |
|---|---|---|---|---|---|---|---|
| १/०७८/०७९ | सा.व.उ.स. कम्पाउण्ड | साल | ए | ५ | ५६।८६ | १०००।० | २५०।० |
| | | | बि | ५ | ४३।४३ | ८००।० | |
| | | जम्मा | | १० | १००।२९ | | |
| २/०७८/०७९ | | सल्लो | ए | २५ | ५६५।०८ | २००।० | २४०।० |
| | | | बि | ३९ | ४११।२८ | १५०।० | |
| | | जम्मा | | ६४ | ९७६।३६ | | |
| | | कुल जम्मा | | ७४ | १०७६।६५ | | |

### शर्तहरु

१. यो सम्वन्धि सूचना मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक पत्रिकामा प्रकाशित मितिलें २१ दिन भित्रमा मु.अ.कर दर्ता भएका काठ व्यवसायी ,फर्मले रु १०००।०० (फिर्ता नहुनेगरि) तिरी डिभिजन वन कार्यालय र यस सा.व.उ.स को कार्यालयबाट बोलपत्र फाराम २१ औ दिनको ३:०० बजे भित्र खरिद गर्न सकिनेछ ।

२. आफुले सकार गरेको अंकको १०% ले हुने धरौटी बापतको रकम सा.व.उ.स.को नाममा रहेको श्री कृषि विकास बैक अत्तरिया शाखाको हि.नं.०८२३४०१०३४५०१०१७ मा जम्मा गरेको सक्कल भौचर, समुहको नगदी रसिद वा मान्यता प्राप्त बैकको ६महिनावधि बैक ग्यारेन्टी र नगदी भौचर, मु.अ.करमा दर्ता भएको प्रमाणपत्र, काठ व्यवसायीको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी समेत बोलपत्रसाथ सलग्न गरी शिलवन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

३. बोलपत्र खरिद गर्ने अन्तिम दिन वा बोलपत्र दाखिला गर्ने अन्तिम दिन बिदा परेमा कमश: कार्यालय खोल्ने दिनमा उपरोक्त समयमा नै बोलपत्र बिकी, दर्ता, खोल्ने कार्य हुनेछ ।

४. बोलपत्र दाताले बोलपत्रमा आफ्नो नाम ठेगाना लेखी दस्तखत गरी फर्म वा संस्थाको छाप समेत लगाई खाममा राखी शिलवन्दी गरी खामको बांया तर्फ आफ्नो नाम ठेगाना लेखी फर्म वा संस्थाको छाप समेत लगाई दायांतर्फ बोलपत्र पेश हुने कार्यालयको नाम, विषय र लट नं उल्लेख गरी बोलपत्र पेश गर्नु पर्नेछ ।

५. बोलपत्र पेश गर्दा आफुले सकार गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६. सिलवन्दी बोलपत्रहरु सूचना प्रकाशित भएका मितिले २२ औं दिनको १.०० बजे भित्रमा यस सा.व.उ.स को कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ ।

७. निर्धारित म्याद भित्र रितपुर्वक दर्ता हुन आएका बोलपत्र सूचना प्रकाशित भएका मितिले २२ औ दिनको १.०० बजे । बोलपत्रदाता वा निजको प्रतिनिधि नभएमा पनि वा टेण्डर फाराम दर्ता भई २:०० बजे पछि नियमानुसार यस सा.व.उ.स.को कार्यालयमा बोलपत्र खोलिनेछ ।

८. पर्न आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस समुहको कार्य समितिमा निहित रहने छ । म्याद नाघि आएको वा शर्त राखेको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

९. बोलपत्र स्वीकृत भएको सूचना बोलपत्र खोलिएको मितिले बढीमा ७ दिन भित्र यस सा.व.उ.स.को कार्यालयमा सूचना पाटिमा टांस गरिने छ । यो सूचना टांस भएको मितिले १५ दिन भित्र सम्बन्धित सकारकर्ताले सकार रकम जम्मा गर्नु पर्नेछ । तोकिएको म्याद भित्र रकम जम्मा नगरेमा उक्त लटको लागी राखेको धरौटी नियमानुसार जफत गरी १० भित्र परेका क्रमश: दोश्रो, तेस्रो र चौथोलाई रकम दाखिला गर्न सूचना प्रकाशित गरिने छ । सो को जानकारी सकारकर्ता स्वयंमले लिनु पर्नेछ ।

१०. बोलपत्रदाताले काठ हेर्न चाहेमा उपभोक्ता समुहको घाटगद्धीमा हेर्न सकिने छ ।

११. सकारकर्ताले सकार गरेको सकार रकमको अतिरिक्त नियमानुसार लाग्ने मु.अ.कर, संकलन खर्च रकम समेत थप दाखिला गर्नु पर्नेछ ।

१२. अन्य जानकारीका लागी कार्यालय समयमा यस सा.व.उ.स.को कार्यालयमा तथा डिभिजन वन कार्यालय कैलाली धनगढीमा सम्पर्क राख्न सकिने छ ।

इति सम्वत् २०७८ साल श्रावण २१ गते रोज ०५ शुभम ।

Scanned with CamScanner